

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २७ गते शुक्रबार ❑ 12 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखराबाट अन्तराष्ट्रिय उडान हुन नसक्नुको कारण सरकारले जवाफ दिनपर्छ : सभामुख घिमिरे

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



बाह्रौं संस्करणको पोखरा महोत्सव सुरु भएको छ। यूनाइटेड क्लबको आयोजनामा बिहीबारदेखी बाह्रौं संस्करणको पोखरा महोत्सव सुरु भएको हो।

पोखराको अमरसिंह खेल मैदानमा सुरु भएको महोत्सवको प्रतिनिधि सभाका सभासद देबराज घिमिरेले उद्घाटन गरेका हुन । महोत्सवको उदघाटन गर्दै सभामुख घिमिरेले पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अन्तराष्ट्रिय उडान नहुनुको कारण पोखरेली जनताले थाहा पाउनुपर्ने वताएका छन। ठूलो लगानीमा विमानस्थल निर्माण भएको भएतापनि सञ्चालनको एक वर्ष पुगि सक्दापनि अन्तराष्ट्रिय उडान हुन नसक्नु दुखद कुरा भएको वताउदै अन्तराष्ट्रिय उडान हुन नसक्नुको कारण स्थानिय, प्रदेश र केन्द्र सरकारले पत्ता लगाइ पोखरेली जनतालाई जानकारी दिनुपर्ने वताए। के बाधा उत्पन्न भएर विमानस्थलबाट अन्तराष्ट्रिय उडान हुन नसकेको हो यसमा सरकारले जनतालाई जानकारी दिनुपर्ने उनको भनाइ रहेको थियो। त्यसैगरी सभामुख देवराज घिमिरे युनाइटेड क्लबको पहलकदमीमा निर्माणाधिन अवस्थामा रहेको पोखरा जुलोजिकल पार्कलाई गण्डकी प्रदेश सरकारले आफ्नो गौरवको योजनामा लिएर अगाडी वढिरहदा सो काम पनि छिटो सम्पन्न गरि पोखरामा खुल्ला चिडियाखाना सञ्चालन गर्न समेत गण्डकी प्रदेश सरकारलाई आग्रह गरे। सभामुख देवराज घिमिरेले महोत्सवको माध्यामबाट युवाहरुलाई देश बिकासमा लगाउन सकिन्छ भन्ने कुरा युनाईटेड क्लवले उजागर गरेको वताए । महोत्सवले देशको कला संस्कारलाई समेत उजागर गरेको जनताको विचमा संस्कृति कलाको प्रचार प्रसार प्रसारमा टेवा पुऱ्याएको वताउदै घिमिरेले शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटनको क्षेत्रमा गरेको काम प्रशंसनीय रहेको समेत वताए । सेती नदिलाई पर्यटन संग जोड्न स्थानिय, प्रदेश र केन्द्र सरकार लाग्नुपर्नेमा सभामुख घिमिरेको जोड रहेको थियो। हराउदै गएको रितिरिवाज र परम्पराहरुलाई महोत्सवले जगेर्ना गर्ने भन्दै पोखरा महोत्सवको सफलताको समेत कामना गरे।

गण्डकी प्रदेश सभाका उपसभामुख बिना कुमारी थापाले युनाइटेड क्लवले राज्यको पहुच नपुगेको क्षेत्रमा सामजिक काम गरि जनतालाई सहयोग गरेको वताउदै महोत्सवकै माध्यामबाट यूनाइटेड क्लबले सामाजिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जापान सरकारलाई पर्यटन र स्वास्थ्य क्षेत्रमा लगानी गर्न मुख्यमन्त्रीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



जापानका पूर्व मन्त्री एवं सांसद आसा ताइरा र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे बिच भेटवार्ता भएको छ।

नेपाल भ्रमणका क्रममा विहिबार पोखरा आउनु भएको पूर्व मन्त्री एवं सांसद ताइरा र मुख्यमन्त्री पाण्डे बिच मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा भेटघाट भएको हो । उक्त भेटवार्ताको क्रममा मुख्यमन्त्री पाण्डेले प्रदेशको आर्थिक विकास र समृद्धि प्रदेश बनाउन पर्यटन र स्वास्थ्य क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभएको हो। जापानको जाइका परियोजनाले पोखरामा शुद्ध पिउने पारीको परियोजना गरेकामा जापान सरकारलाई धन्यदान दिदै उहाँले प्रदेशको आर्थिक विकासको मुल आधार पर्यटन भएकोले यस क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो। गोर्खा जिल्लामा भुकम्प पछिको पुन निर्माणको अभियानमा जापानबाट देखिने गरी काम भएकोमा प्रशंसा गर्दै मुख्यमन्त्री पाण्डेले भौगोलिक बिकटताले प्रदेशको विकास समान ढंग केही कठिनायी भएको उल्लेख गर्दै गण्डकी प्रदेशमा हिमाल, पहाड र तराई तीन भूभाग पर्ने प्रदेश भएको जनाउनु भयो। रोजगारको लागि नेपालीहरु हाल जापानमा १ लाख ५० हजार काम गर्नेगरेको बताउदै मुख्यमन्त्री पाण्डेले जापानको रेमिट्यान्सले नेपालको अर्थतन्त्रमा सहयोग पुगेको विश्वास व्यक्त गर्नु भयो।

नेपाल संघीय मोडलमा गएको करिब ६ बर्ष भएकोले हाल कानून निर्माणको चरणमा भएको उल्लेख गर्दै उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लेवाडेमा रोटरी युथ लिडरसिप अवार्ड(राइला) सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटान अन्तर्गत बिहीबारदेखि रोटरी युथ लिडर सिप अवार्ड (राइला) सुरु भएको छ।

राइलाको पोखरामा आयोजित समारोहमा उद्घाटन गर्दै डिष्ट्रिक्ट गभर्नर राजेन्द्रप्रसाद ध्वजुले व्यक्तिगत क्षमता एवं नेतृत्व विकास, नेटवर्किङ र कम्युनिकेसन विकासमा यस कार्यक्रमले सघाउ पुग्ने बताए। उनले राइलाको महत्वबारे प्रकाश पार्दै पोखरामा विजेतालाई केन्द्रमा हुने राइलामा पनि अवसर दिइने बताए। डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले राइला रोटरीको अभिन्न अंग रहेको बताए। उनले युवामा निहित प्रतिभा प्रस्फुटन गर्दै नेतृत्व क्षमताको विकासका लागि यो कार्यक्रम निकै महत्वपूर्ण हुने बताए। डिष्ट्रिक्ट राइला को-चेयर एवं कार्यक्रम संयोजक राजेन्द्र लिगलको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी विकल शेरचनले नेतृत्व क्षमताबारे प्रकाश पारेका थिए। यस्तै, डिष्ट्रिक्ट मेम्बरसिप चेयर सुभाष सिग्देल, डिष्ट्रिक्ट डि इ आईका को चेयर एकनारायण ढकालले पनि बोलेका थिए। कार्यक्रममा डिष्ट्रिकका सचिव दिनेश मानन्धर स्वागत र राइला कार्यक्रमका सचिव जसु गुरुङले संचालन गरेकी थिइन् । कार्यक्रममा सहभागी हुन आएकी विभूती थापाले भविश्यमा रोटरीमा लागेर डिष्ट्रिक गभर्नर बन्ने लक्ष्य लिएको पोखरापत्रलाई वताइन् कास्कीको अन्नपूर्ण गाउँपालिका अन्तर्गत लेवाडेमा चार दिनसम्म सञ्चालन हुने उक्त राइलामा विभिन्न जिल्लाबाट १६ देखि २० वर्ष उमेर समूहका करिब ५२ जनाले भाग लिएका छन्। लेवाडे स्थित चिल्ड्रेन नेपालको फूलबारी स्रोत केन्द्रमा हुने कार्यक्रममा २२ जना प्रशिक्षकले विभिन्न विधामा तालिम दिने राइला कमिटीका सदस्य डिल्लीप्रसाद शर्मा पोखरापत्रलाइ वताए। डिष्ट्रिक्टले हरेक वर्ष आयोजना गर्दै आएको राइला कास्कीमा लामो समयपछि भएको हो । जसमा कास्कीका ९ वटै रोटरी क्लबहरुसहित १७ होस्ट र १० को-होस्ट छन् । गत वर्ष गोरखा र काठमाडौंमा यसप्रकारको कार्यक्रम भएको थियो।

## पोखरालाई छिटै पर्यटकीय राजधानी घोषणा गर्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरालाई अब छिट्टै पर्यटकीय राजधानी घोषणा गरिने भएको छ। पर्यटन अध्ययन समितिले फागुन भित्रै पर्यटकीय राजधानी घोषणा गर्न सुझाव दिएकोले अब छिटै पोखरा पर्यंटनको राजधानि घोषणा हुने भएको हो।

अध्ययन गर्न गठित समितिले कार्ययोजना सहित फागुनभित्र पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि आवश्यक घोषणा गर्न सकिने सुझाव गण्डकी प्रदेश सरकारलाई दिएको हो । पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्नका लागि गठित अध्ययन समितिले गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई प्रतिवेदन बुझाएको छ । पोखरालाई तत्काल पर्यटकीय राजधानी घोषणा गरेर प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्दै जानुपर्ने निस्कर्षसहितको ४५ पृष्ठ लामो प्रतिवेदन समितिका संयोजक प्रदेश नीति तथा योजना आयोगकाउपाध्यक्षडा.कृष्णचन्द्र देवकोटाले मुख्मन्त्री सुरेन्द्रराज पाण्डेलाई प्रतिवेदन बुझाएका हुन् । समितिका अनुसार माघ मसान्तसम्म पर्यटन क्षेत्रमा काम गर्ने संघ संस्था, पोखरा महानगरपालिका र नजिकका पालिकाहरुले राजधानी घोषणा गर्ने निर्णयसहित मुख्यमन्त्री कार्यालयमा पेस गर्ने कार्यसूची तोकिएको छ। माघभित्रै प्रदेश सरकारले सबै निर्णय एकीकृत गरेर राजधानी बनाउने सैद्धान्तिक निर्णय गर्नुपर्ने सुझावमा उल्लेख छ । समितिले डेढ महिना अध्ययन गरेर प्रतिवेदन बुझाएको हो। राजधानी घोषणा गर्नका लागि आवश्यक पर्ने पूर्वाधार, घोषणा पछि हुन सक्ने प्रभावबारेमा मसिनो गरी अध्ययन गरिएको संयोजक

बाँकी अन्तिम पृष्ठमा ▶▶




## जापान ...

प्रदेशमा पर्यटनको अथाह सम्भावना, स्वास्थ्यमा प्रदेश धेरै लगाी गर्नुपर्ने अबस्था रहेको जनाउनुभयो । आफु केही समय अघि जापान गएको स्मरण गर्दै मुख्यमन्त्री पाण्डेले त्यहाँको लाईफ स्ट्यान्डर भएको दाबी गर्नुभयो । भारतमा कार्वनको समस्या भएको बताउदै उहाँले नेपालले कार्वन उत्सर्जन नगर्दा पनि त्यसको समस्या भोग्नु परेको गुनासो गर्नु भयो । संयुक्त राष्ट महासंघका महासचिव गुडरेस नेपाल सहित गण्डकी प्रदेशमा अवलोकन भ्रमणका क्रममा पनि नेपालले विना कारण कार्वन उत्सजनको समस्या भोग्नु परेको बताउनु भएको कुरा मुख्यमन्त्री पाण्डेले जापानित टोलीलाई जानकारी गराउनु भएको हो ।

जापानका पूर्व राज्य मन्त्री एवं सांसद ताइराले गण्डकी प्रदेश र नेपालको समग्र विकासको लागि जापान सरकारले कुन क्षेत्रमा लगानी गर्दा उचित हुन्छ त्यसको प्रारभिक अध्ययनको क्रममा रहको उल्लेख गर्नु भयो । नेपाल र जापानको बृहत्त बिकास संगै साझेदारीमा कुनैपनि योजनाहरु अघि बढाउन आफुले पुलको रूपमा काम गर्न चाहेको उहाँको भनाई थियो । आफु राज्य मन्त्री हुम्दा जापानमा धेरै राम्रा कामको सुरुवात गरेको दाबी गर्दै हाल जापानमा जनसंख्या निकै कम हुदै आएको बताउनुभयो । हाल बार्षिक ४ लाख जनशक्ति जापानमा आवश्यक भएको बताउदै उहाँले त्यसमा नेपालीहरुलाई समेत अवसर दिन सकिने जनाउनु भयो । नेपालमा आफुहरुले जलविद्युतमा लगानी गर्न खोजेको पूर्वमन्त्री एवं सांसद ताइराले बताउनुभयो। उक्त टोलीमा गोजो कम्युनिकेशनका अध्यक्ष तथा जापानका अग्रज व्यवसायी शिनिजी गोजो, गैर आवासिय नेपाली संघ(एनआरएनए) का पूर्व अध्यक्ष भवन भट्टको सहभागिता रहेको थियो । उक्त टोलीले पोखरा क्षेत्रको समेत अवलोकन गरेकोछ ।

## पोखराबाट ...

काम गरेर श्रहानिय काम गरेको वताइन। प्रतिनिधि सभा सदस्य शिव नेपालीले आर्थिक चलायमानमा महोत्सवले सहयोग गर्ने वताउदै यूनाइटेड क्लवले महोत्सव मार्फत सामाजिक काममा अग्रसर रहेकोमा अन्य संघ संस्थाहरुले पनि यूनाइटेड क्लबको अनुसरण गर्नुपर्ने वताए । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सुर्य खड्का बिखर्चीले पोखरा महोत्सवले देको कला संस्कृति बचाउने वताउदै पोखरा महोत्सव सग सहकार्य गरेर प्रदेशको कला संस्कृतिको संरक्षणमा लाग्ने समेत वताए । गण्डकी प्रदेशका पूर्व मन्त्री तथा प्रदेश सभा सदस्य वेद वहादुर गुरुङले पोखरा महोत्सवले महोत्सवहरुका बीचमा पनि छुट्टै पहिचान वनाउन सफल भएको वताए। गुरुङले पोखराबाट अन्तराष्ट्रिय उडान सञ्चालनका लागि पहल गरिदिन सभामुख समक्ष आग्रह समेत गरे । त्यस्तै गण्डकी प्रदेश सभा सदस्य भिम कार्कीले राज्यले गर्नुपर्ने काम युनाइटेड क्लवले गरेको वताउदै पोखरा महोत्सवको आयोजना गरी सामाजिक उत्तरदायित्व संगै व्यापार व्यवशायलाई समेत प्रवर्द्धन गरेको वताए। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिदै गर्दा यूनाइटेड क्लवले समेत पर्यटनको क्षेत्रमा उल्लेख्य काम गरेको वताए । कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले महोत्सव विशेष उद्देश्यका साथ आयोजना हुने र पोखरा महोत्सवको पनि आफ्नै उद्देश्य रहेकाले महोत्सव मार्फत विभिन्न जनचेतनामुलक क्रियाकलापहरु समेत संप्रेषण गर्नुपर्नेमा जोड दिए । पोखरा महानगरपालिका वडा नम्बर १२ का अध्यक्ष सन्तोष बास्तोलाले युनाइटेड क्लबले महोत्सवको आयोजना गरी सामाजिक काम मार्फत उत्कृष्ट काम गरेको र आफ्नो वडाले समेत सहकार्य गर्न पाउदा खुसी लागेको वताए।

त्यस्तै अमरसिंह मावि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण कोइरालाले पोखरा महोत्सव आफैमा ब्राण्ड बनिसकेको वताउदै पोखरा महोत्सव संग सहकार्य गरी सामाजिक सेवामा सहकार्य गर्न पाउदा गौरवान्वित भएको वताए। यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले महोत्सवको उद्देश्यमाथी प्रकाश पारेका थिए ।

यसअघि पोखरा रंगशाला गेटबाट शुरु भएको झांकी रयालीमा रयाली तर्फ ब्रह्मकुमारी इश्वरी विश्वविद्यालय प्रथम, नेपाल मगर संघ माटेपानी द्धितिय, जनप्रिय तमु समाज तथा वातावरण समाज सुधार तृतिय र स्यानी मजुवा आमा समुह र बुद्धचोक महिला समुहले शान्तवना स्थान हासिल गर्न सफल भए । त्यस्तै झांकी तर्फ डढुवा दुर्छा लम्जुङ पोखरा तमु समाज प्रथम, नेपाल मगर संघ रामबजार द्धितिय, तामाङ बौद्ध समाज तृतिय र सिद्धेश्वर भजन मण्डली र रामबजार ताया मचाया समितिले शान्वना स्थान हासिल गरे ।

झांकी तथा रयाली ३ सय वढी संघ संस्थाको सहभागीता रहेको थियो। महोत्सवमा बिहीबार लोक दोहोरी तर्फ जीवन दाहाल, शिवहरी ढुंगाना, गगन गुरुङ, लक्ष्मी नेपाली, सरिता सारु मगर लगायतको प्रस्तुती रहेको थियोभने साँझको लाइभब्याण्ड तर्फ दृश्य र ट्र्याङ्क्युलको प्रस्तुती रहेको थियो। महोत्सवमा शुक्रबार लोक दोहोरी तर्फ पशुपति शर्मा, जीवन दाहाल, शिवहरी ढुंगाना, केशव सापकोटा, सुरेशरमन अधिकारी, सन्तोष सुवेदी, ज्योती लोहोनी, पुजा तामाङ, शान्ता बर्देवा लगायतको प्रस्तुती रहने भने साझको लाइभ ब्याण्ड तर्फ स्थानिय ब्याण्डहरु ब्ल्याक फेदर प्रोभर्वस ब्ल्याक ओको प्रूस्तुती रहने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# आहा रारा पोखरा गोल्ड कपमा भारत र भुटानको टोली सहित १२ टिमको सहभागिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

आहा रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिताको २३ औं संस्करणमा भारत र भुटानको दुई पाहुना टोली सहित १२ टिमको सहभागिता हुने भएको छ ।

आउँदो माघ ९ गते देखी पोखरा रंगशालामा संचालन हुने उक्त प्रतियोगितामा भारतको लिग च्याम्पियन फुटबल क्लब भारत र भुटानको पारो फुटबल क्लब सहभागी हुने भएको क्लवका अध्यक्ष केशवराज बरालले विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराउनु भएको हो ।

प्रतियोगितामा गत बर्षको विजेता संकटा क्लब काठमाण्डौ, विभागीय टिम नेपाल प्रहरी फुटबल क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, जावलाखेल युथ क्लब, मनाङ मर्स्याङदी क्लब, मछिन्द्र क्लब, राइजिङ स्टार फुटबल क्लब, नवलपुर, चर्च ब्वाइज युनाइटेड फुटबल क्लब, श्री स्टार क्लब र सहारा क्लब पोखरा सहभागी हुने भएको क्लवले जनाएको छ। "खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं भन्ने उद्देश्यका साथ माघ २० गतेसम्म संचालन हुने प्रतियोगिताको तयारी तिव्र पारिएको अध्यक्ष बरालले बताउनु भयो। "आत्मा साँक्षी राखि मन, वचन र कर्मले सामाजिक सेवा गरौं" भन्ने उद्देश्यका साथ वि. सं. २०५५ सालमा स्थापित यस सहारा क्लब पोखराले निरन्तर उक्त प्रतियोगिता आयोजन गदै आएको छ । प्रतियोगितालाई पहिलो संस्करण देखी नै मुख्य प्रायोजक हिमश्री फुड्स प्रा. लि. को उत्पादन आहा तथा रारा तयारी चाउचाउले गरेको छ । प्रतियोगिताबाट १ करोड ८६ लाख ७५ हजार रुपैया आम्दानी गर्ने लक्ष्य राखिएको छ भने प्रतियोगिता सम्पन्न गर्न १ करोड ४९ लाख ३ हजार रुपैयाँ खर्च हुने क्लवले जनाएको छ। २३ वर्ष देखी निरन्तर सञ्चालन भएको यस प्रतियोगितामा बचत हुन आएको रकम क्लबबाट संचालित सुर्य बहादुर के. सी. स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिने भएको छ। विगत २०६१ साल देखि आवासिय रुपमा निःशुल्क स्वास्थ्य, शिक्षा दिक्षा लगायत फुटबल प्रशिक्षण समेत सहारा फुटबल एकेडेमी गण्डकी प्रदेश, पोखरा-१७, दोविल्लामा प्रदान गर्दै आईरहेको छ। हाल चौंथो व्यावको एकेडेमीमा ८ जिल्लाका १४ जना बालकहरु आश्रित रहेको बरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक पूर्णबहादुर गुरूङले बताउनु भयो। प्रतियोगितामा विजेताले नगद पुरस्कार १२ लाख र उपविजेतालाई ६ लाख नगद प्राप्त गर्ने क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो । कार्यक्रममा हिमश्री फुड्स प्रा.लि. का निर्देशक किरण केसीले सामाजिक कार्यक्रम गर्दै आएको क्लवको अभियानलाई निरन्तर साथ दिदै आएको बताउनु भयो । कम्पनीको जस्तो सुकै परिस्थितीमा पनि आफ्ना बाबु सुर्य बहादुर केसीले थालनी गर्नु भएको अभियानलाई आफुहरुले साथ दिएको बताउनु भयो। राष्ट्रिय तथा अन्तराष्ट्रिय अन्तर क्लब आमन्त्रित उक्त फुटवल प्रतियोगिताको लागि फुटवल मैदानमा पानी हाल्ने गरी आवश्यक मर्मत संहारमा आफुहरु लागेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँले पोखरापत्रलाई बताउनु भयो ।

# विन्ध्यवासिनीको रक्तदानमा ७७ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस




पोखराको वाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयमा भएको रक्तदानमा ७७ युनिट रगत संकलन भएको छ ।

विद्यालयको ७७औं वार्षिक उत्सव तथा अभिभावक दिवसको पुर्व सन्ध्यामा विहीवार विहान आयोजित रक्तदान कार्यक्रममा अधिकांश नयाँ रक्तदाता सहभागी भएका थिए। कार्यक्रमका प्रमुख अतिथी नेपाल रेडक्रस सोसाईटी कास्कीका उपसभापति उर्मिला खड्काले कार्यक्रम संयोजक एवं विद्यालयका सह प्रधानाध्यापक रामवहादुर वाँनियालाई ब्लड व्याग हस्तान्तरण गरी उद्घाटन गर्नुभयो ।कार्यक्रममा वोल्दै खड्काले देशकै नमुना विद्यालयले गुणस्तरीय शिक्षासँगसँगै मानविय कार्यमा समेत महत्वपुर्ण योगदान पुर्‍याएको भन्दै प्रशंषा गर्नुभयो । कार्यक्रम संयोजक एवं विद्यालयका सह प्रधानाध्यापक रामवहादुर वानियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले मानविय जीवनमा रक्तदानको महत्वपुर्ण भुमिका रहेको वताउँदै नयाँ रक्तदातालाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो ।रेडक्रसका जिल्ला सदस्य सुवासवावु अधिकारीले मानविय सेवामा रेडक्रसले खेलेको भुमिकाको चर्चा गर्नुभयो ।

कार्यक्रममा ५० औं पटक रक्तदान गरेका राम व. वानिया, ४८ औं पटक रक्तदान गरेका धर्मराज थापा, ३१ औं पटक रक्तदान गरेका नविन्द्र तिमिल्सीना, २८औं पटक रक्तदान गरेका प्रकाश अधिकारी, २४ औं पटक रक्तदान गरेका बैकुण्ठ पौडेल, १९ औं पटक रक्तदान गरेका ओम थापा लगायतले नयाँ रक्तदातालाई रक्तदानका लागी प्रोत्साहन गरेका थिए ।कार्यक्रममा सहभागी रक्तदातालाई प्रशंसापत्र प्रदान गरिएको थियो । विद्यालयमा गठित युवा रेडक्रस सर्कलको सहयोग, रक्त संचार केन्द्रको प्राविधीक सहयोग मा भएको कार्यक्रमको संचालन शिक्षक नायक सरिता पौडेल भट्टराईले गर्नुभएको थियो ।

यसैविच विहीवारवाटै विद्यालय प्रागंणमा विज्ञान प्रर्दशनी समेत शुरु भएको छ । विद्यार्थीले निर्माण गरेका विज्ञान र प्रविधीसँग सम्वन्धित वस्तुहरु प्रर्दशनीमा राखिएको प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो ।पुस २७ गते शुक्रवार आयोजना हुने वार्षिकोत्सव कायृक्रम पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यतामा हुने र सो अवसरमा विभिन्न पुरस्कार सहित व्यक्तिलाई सम्मान गरिने वताइएको छ ।सामुदायिक विद्यालयमा देशकै पहिलो नमुना विद्यालय वनेको विन्ध्यवासिनी मावि पोखराकै पुरानो विद्यालय मानिन्छ ।

# 'सहमतिबाट सङ्क्रमणकालीन विधेयक टुङ्ग्याउनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सहमतिमा समितिबाटै टुङ्ग्याउनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको आजको बैठकमा उहाँले सकेसम्म सहमतिमै टुङ्ग्याउने नत्र प्रक्रियामा गएर भए पनि निष्कर्षमा पुर्‍याउने सहमति भएको बताउनुभयो । "सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई टुङ्ग्याउन सहमति खोज्ने हो", मन्त्री गुरुङले भन्नुभयो, "सहमति हुनसकेन भने प्रक्रियामा जाने सहमति भएको छ तर सहमतिमै निष्कर्षमा पुर्‍याउने हो ।" उहाँले आठ-दश दिनमा उक्त विधेयकलाई टुङ्ग्याउने विषयमा राजनीतिक दलका शीर्षनेताहरूलाई पनि भेट्ने र सहमतिमा टुङ्ग्याउने विश्वास व्यक्त गर्नुभयो।

समितिका सभापति विमला सुवेदीको अध्यक्षतामा भएको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा हुँदा पनि १० वर्ष सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन नसक्नु गम्भीर विषय भएको र सहमतिमा विधेयकलाई टुङ्ग्याउनुपर्ने बताउनुभयो। यदि सहमति हुन नसकेको अवस्थामा प्रक्रियाबाट जानुपर्ने उहाँले बताउनुभयो। बैठकमा नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले विधेयकका असहमतिका विषयमा सहमतिमा टुङ्ग्याउन सकिने र सकिएनभने प्रक्रियाबाट पनि निष्कर्षमा पुर्‍याउन सकिने बताउनुभयो । "विधेयकका असहमतिका विषय सहमतिमा टुङ्ग्याउन सक्छौँ, यदि सहमति भएन भने विधेयक निर्माणको आफ्नै प्रक्रिया छ", उहाँले भन्नुभयो।

बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयकमाथिको विवादका विषयमा सकेसम्म सहमतिबाट र नभए बहुमतीय प्रक्रियाबाट अघि बढाउने विषयमा छलफल भएको हो।

## पोखरालाई ...

तथा गण्डकी नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जानकारी दिए।

गण्डकी सरकारले नीति तथा कार्यक्रम मार्फत नै पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने बताएको थियो । समितिको प्रतिवेदन बुझ्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रतिवेदनले दिएको तालिका अनुसार नै काम गर्ने प्रतिबद्धता जनाए । अध्ययन प्रतिवेदन बुझाएसँग पोखराको पर्यटन व्यवसायीहरु उत्साही भएका छन् ।


राज्यले पोखरालाई पर्यटनको राजधानि घोषणा गरे अनुसारको भौतिक पूर्वाधार निर्माणमा जोड दिनुपर्ने व्यवसायीको माग रहेको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# फेरि देखिन थाल्यो कोरोना

वीरगन्ज नाकामा फेरि कोरोना संक्रमित फेला पर्न थालेका छन् । नेपाल प्रवेश गर्ने देशकै मुख्य नाका वीरगन्ज नाकामा सञ्चालित हेल्थ डेस्कमा भइरहेको परीक्षणमा पछिल्लो दुई दिनमा कोरोनाका दुई संक्रमित फेला परेका छन। दुवै जनामा कोरोनाको नयाँ भेरिएन्ट जेएन.१ को संक्रमण भेटिएको हेल्थ डेस्क प्रमुख तथा वीरगन्ज महानगरपालिकाका जनस्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुरले  जानकारी दिए। संक्रमण पुष्टि हुनेमा एक जना नेपाली र एक जना भारतीय नागरिक रहेका छन् ।

नेपाल-भारत सीमास्थित नाकाको हेल्थ डेस्कमा बिहीबार दिउँसोसम्म ४६ जनाको एन्टिजेन जाँच गर्दा तीमध्ये धादिङका ५९ वर्षीय पुरुषमा कोरोनाको नयाँ भेरिएन्ट जेएन.१ को संक्रमण पुष्टि भएको ठाकुरले बताए । उनी भारतको कोलकत्ताबाट रेलको यात्रा गरेर नेपाल फर्कँदै थिए । यसअघि बुधबार पनि हेल्थ डेस्कमा ५५ जनाको एन्टिजेन जाँच गर्दा एक भारतीय नागरिकमा पनि कोरोनाको नयाँ भेरिएन्ट जेएन.१ को संक्रमण पुष्टि भएको थियो। कोलकत्ताबाटै रेलको यात्रा गरेर रक्सौल हुँदै काठमाडौं घुम्न आएको भारतीय पर्यटकहरूको समूहमा रहेकाहरूको एन्टिजेन जाँच गर्दा कोलकत्ता निवासी २५ वर्षीय युवकमा कोरोनाको नयाँ भेरिएन्ट जेएन.१ को संक्रमण पुष्टि भएको ठाकुरले बताए। भारतमा फैलिएको ओमिक्रोन भाइरसको नयाँ भेरियन्ट जेएन. १ नेपालमा पनि देखिइसक्यो ।

तर, सरकारले नेपाल-भारत सीमा नाकामा सतर्कता अपनाएको छैन । दुई देशबीच खुला सीमाका कारण आवतजावतमा विशेष सतर्कता चाहिन्छ। जबकि कोरोनाको नयाँ भेरियन्ट थप भित्रिन नपाओस् । राज्यका निकायको ध्यान यसतर्फ गएको देखिँदैन । यसकै परिणाम नेपालमा नयाँ भेरियन्ट भेटिएको भन्नु अस्वाभाविक हुँदैन । हाम्रा नाकाहरूमा विगतमा पनि जति सतर्कता अपनाइनुपर्थ्यो त्यति नअपनाइएको यथार्थ छ। तापनि, विश्वव्यापी महामारीबाट हामी मात्रै अछुतो त रहन सक्दैनथ्यौं । तर, सतर्कता र सावधानीले पक्कै पनि धेरै हदसम्म जोगाउँछ, बचाउँछ नै। जेएन. १ भेरियन्टको विशेषता के छ भने यसको संक्रमणदर धेरै तीव्र देखिएको छ। त्यही कारण पनि सतर्कताको मात्रा झन् बढी आवश्यक छ । तर, जमुनाहासहित नाकाको हालतले नयाँ संक्रमणबारे राज्य बेखबर भएको प्रतीत हुन्छ। उक्त नाकामा स्वास्थ्य डेस्क छ तर जाँच छैन । आवतजावत निर्वाध ढंगले चलिरहेको छ। कर्मचारी छन् तर के गर्ने भनेर निर्देशन नआउँदा अन्योलग्रस्त छन् ।

विज्ञका अनुसार यो भेरियन्टमा पनि ओमिक्रोन भाइरस संक्रमण भएजस्तै टाउको दुख्ने, घाँटी दुख्ने, शिथिल महसुस हुने र ज्वरो आउनेलगायत लक्षण देखिन्छन्। तर मृत्युदर अघिल्लो खेपमा जस्तो डरलाग्दो छैन। भारतमा यसको संक्रमणबाट बिरामीको मृत्यु भइसकेको छ। त्यसैले नै हामीकहाँ सतर्कता अपनाउनु अत्यावश्यक भइसकेको छ । सरुवा रोगको प्रसार  मुख्य कारण मानव  गतिविधि नै हो। हरेकले सावधान/सतर्क रहन आवश्यक छ। संक्रमणबाट जोगिने उपाय अपनाउन लाग्नुपर्छ । एकार्काबीच भौतिक दूरी कायम गर्नुपर्छ । मास्कको प्रयोग गर्नुपर्छ । सरसफाइमा ध्यान दिनुपर्छ । बिस्तारै  जाडो बढेकोले बालबालिका, अशक्तता भएका, ज्येष्ठ नागरिकलाई चिसोबाट जोगाउन विभिन्न उपाय अवलम्बन गरिरहनु संक्रमणबाट जोगिनु हो ।

# पर्यटन प्रवर्द्धन गर्न कन्दरा लाइभ कन्सर्ट शुक्रबार पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

आर्थिक मन्दिले सुस्ताएको पर्यटन क्षेत्रलाई प्रबर्द्धन गर्ने उद्धेश्यले पोखरामा आउदो शुक्रबार कन्दरा लाइभ कन्सर्ट हुने भएको छ । 'पहिला घरदेश अनि परदेश' गीतसङ्गीत मार्फत् नेपालको पर्यटन प्रवर्द्धनको सन्देश दिन पोखराबाट उक्त अभियानको शुक्रबार शुभारम्भ हुने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए ।

लायन्स क्वल अफ पोखरा सामिप्यको सहआयोजकमा पोखराको आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले पुष २७ गते शुक्रबार पोखरा प्रदर्शनी केन्द्र नयाँबजारमा हुने उक्त कार्यक्रमको तयारी पूरा भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । देशका सातै प्रदेश र मुख्य सहरमा साँगीतिक कार्यत्रम गर्ने अभियानको सुरुवात पोखराबाट हुने भएको हो । आयोजक परिषद् र कन्दरा व्याण्डको व्यवस्थापक अल्फा स्क्वायर प्रा.लि.ले घरदेश घुमौं, पर्यटन प्रवर्द्धन गरौं गुञ्जन सहित पर्यटन उद्यमलाई पुनर्जागरण गरी पर्यटकीय गन्तव्य स्थलको सन्देश दिने, आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने, घुमफिर संस्कृति एवम् दीगो पर्यटनलाई प्रोत्साहित गर्ने गरी अर्थतन्त्र चलायमान र गतिशील बनाउने एवम् गीतसङ्गीतको जगेर्ना गर्ने उद्देश्यले कन्दरा साँगीतिक अभियान-२०८० तय भएको हो । नेपालभरी गरीने उक्त कार्यक्रम सम्पन्न गर्न करिब ४ करोड ५० लाख खर्च लाग्ने भएको परिषदले जनाएको छ। कन्दराले अहिलेसम्म ६ वटा एल्वम र सयौं गीत साँगीतिक बजारलाई दिइसकेको छ । मुलुकभित्र र मुलुकबाहिर गरी २ सय भन्दा बढी कन्सर्ट भव्यताका साथ सम्पन्न गसिकेको छ । अभियानको यो पहिलो र ठूलो कर्न्सट भएको आयोजकको दाबी छ । लिड भोकलिस्ट विवेक श्रेष्ठ, सुनिल थापा, हरि महर्जन, देव लामा, सुन्दर महर्जन, पङ्कज झाको समूहले २० भन्दा बढी गीतसङ्गीतलाई लाइभ प्रस्तुति दिनुहुने छ । गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, गण्डकी प्रज्ञा प्रतिष्ठानले मुलुकका सातै प्रदेशमा गरिने साँगीतिक अभियानको प्रवर्द्धनमा हातेमालो गरेका छन् । कन्सर्टको टिकेटिङमा आइएमइ पे, इन्टरनेटमा डिस होम फाइबर, फ्लाइटमा बुद्ध एयर पार्टनर रहेका छन् । आइएमइ, डिस होम, चन्द्रागिरी हिल्स, मौलाकाली केबुलकार, बुटबल हिल्स लुम्बिनी केबुलकार, भाटभटेनी सुपरमार्केट, गो बञ्जी नेपालले कन्सर्टलाई साथ र समर्थन गरेका छन् । पोखराको ब्याण्ड भएकोले पोखराबाट सुरुवात गरी देशका ७ वटा प्रदेशमा उत्कृष्ट आफ्नो ब्याण्डको प्रस्तुती राख्ने तयारी भएको कन्दरा व्याण्डका बिवेक श्रेष्ठले बताए । स्वदेशमा उक्त अभियान सके लगत्तै विदेशमा समेत जाने आफुहरुलाई निमन्त्रणा आउन थालेको उनले जनाए। उक्त कन्सर्टको प्रबेश शुल्कः ३ सय र १ हजार रहेको परिषदका महासचिव संजयकान्त सिग्देलले बताए । विभिन्न माध्यमबाट उक्त टिकट बुकिङ गर्न सकिने उनले बताए। उक्त कार्यक्रममा करिब १० हजार दर्शक भित्राउने आफुहरुले लक्ष्य राखेको उपाध्यक्ष कृष्ण भण्डारीले बताउनु भयो।

# राधाकृष्ण मन्दिर शान्ति आश्रमको साधारणसभा



**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालमा रहेको राधाकृष्ण मन्दिर शान्ति आश्रमले आफ्नो ३१ औं साधारणसभा एक कार्यक्रमका बीच आज सम्पन्न गरेको छ।

साधारणसभाको गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले एक समारोहकाबीच उद्घाटन गर्नुभयो । कार्यक्रममा प्रदेश सभा सदस्य गुरुङले धार्मिक एवम् सामाजिक उद्देश्यका साथ स्थापित यस पवित्र स्थलले आध्यात्मिक भावना अभिबृद्धिसँगै सामाजिक सचेतनामा समेत महत्वपूर्ण योगदान गरेको बताउनुभयो । मन्दिर सहित यस संस्थाको समग्र विकासका लागि गण्डकी प्रदेश सरकारको सहयोग रहने बताउँदै उहाँले त्यसका लागि आफ्नो तर्फबाट साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रमका सभापति एवम् राधाकृष्ण मन्दिर शान्ति आश्रमका सह अध्यक्ष गणेशबहादुर खत्रीले यस संस्थाको विकासका लागि धेरै सामाजिक भावनाले भरिएका व्यक्तिहरूको साथ र सहयोग भएको बताउनुभयो। संस्थाको दीगो सञ्चालनका लागि 'मन्दिर एक अतिथि' जस्ता अभियान सञ्चालन गर्न लागिएको उहाँले बताउनुभयो । कार्यक्रममा गोगन माध्यमिक विद्यालय व्यवस्थापन समितिका  अध्यक्ष मेघराज पौडेल, नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि मोहन प्रधान, नेपाल रेडक्रस सोसाइटी पोखरा ३२ का अध्यक्ष किसान परियार, भक्ति अधिकारी लगायतले सबैको साथ र सहयोगमा यस संस्थाको विकासमा सहयोग पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । उक्त अवसरमा काँग्रेस नेता मोहन प्रधानले राइस कुकर सहितका समाग्री सहयोग हस्तान्तरण गर्नुभएको थियो भने विभिन्न योगदान गर्ने व्यक्तिलाई संस्थाका तर्फबाट सम्मान गरिएको थियो । राधाकृष्ण मन्दिर शान्ति आश्रमका सह अध्यक्ष गणेशबहादुर खत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव घनश्याम खनालले गर्नुभएको थियो भने स्वागत माधवशरण उपाध्यायले गर्नुभएको थियो।

# पोखरा थिएटरमा '१२ दुर्वासा' नाटक मञ्चन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखरा थिएटरको गन्धर्व नाटकघरमा बिहीबारबाट नाटक '१२ दुर्वासा' मञ्चन सुरु भएको छ।

अमेरिकन नाटककार रेग्नाल्ड रोजले लेखेको यस नाटकको नेपाली अनुवाद सुरेश सापकोटाले गरेका छन् । परिवर्तनको निर्देशनमा तयार भएको नाटकमा उनी सहित १३ जना कलाकारले अभिनय गरेका छन् ।



यसरी अभिनय गर्नेमा रमेश बाबु तिमल्सिना, अनुषा परियार, रविन्द्र मल्ल, सुसन पौडेल, रोशनी रामदाम, धनकाजी श्रेष्ठ, अञ्जु दाहाल, गोपाल भुषाल, राजेन्द्र अधिकारी, मनोज अदित्य, दिप्सा विश्कर्मा र रोहित पौडेल रहेका छन् । प्रिमियर शो हेर्न पुगेका दर्शकले लामो समयपछि खुला शो मार्फत मञ्चन भएको यो नाटक राम्रो लागेको भन्दै नाटकको टीमले गरेको कामको प्रशंसा गरेका थिए। यो नाटकको लागि पोखरा थिएटरको गन्धर्व नाटकघरमा 'ट्राभर्स स्टेज' निर्माण गरिएको छ। यस्तो स्टेजको प्रयोग गन्धर्व नाटकघरमा पहिलो भएकोलले दर्शकले नौलो अनुभव समेत गर्न पाउनेछन्। 'टुबेल एङ्ग्री म्यान'को नेपाली रुपान्तरण रहेको नाटकमा छोराले बुबालाई मारेको हो होइन भन्ने विषयमा केन्द्रीत रहेको छ । यो विषयमा अदालतलाई निर्णय गर्न गाह्रो भएपछि फरक-फरक पृष्ठभूमिका १२ जनालाई छलफल गरी निर्णय गर्न लगाइन्छ । उनीहरुको विचारमा देखिने विविधता र सर्घष नै नाटकको विषयवस्तु हो। यसलाई प्रभावकारी बनाउन कलाकारले निकै मेहनत गरेका छन्। सन् २०५४ मा टेलि प्ले (टेलिभिजन सिरिज) का रुपमा रेग्नाल्डले यो नाटक लेखेका थिए । पछि सन् १९५७ मा फिल्म निर्माण भयो । त्यसपछि यो विश्वव्यापी रुपमा झनै चर्चित बन्यो। विश्वका विभिन्न भाषामा यसको फिल्म नाटक निर्माण भएका छन् । आगामी माघ १३ गतेसम्म मञ्चन हुने यो नाटकले वर्गीय,जातिय, क्षेत्रिय, लैङ्गीक समाजको चित्रण गर्ने भएकोले नाटकप्रेमीको ध्यान खिच्ने अपेक्षा गरिएको छ । लगातार विद्यार्थी केन्द्रीत नाटक मञ्चन भइरहेकोसमयमा त्यसभन्दा भिन्न खालको स्वाद पस्कनको लागि यो नाटक उपयुक्त हुने ठानेर मञ्चन गर्न खोजिएको नाटकका निर्देशक समेत रहेका पोखरा थिएटरका अध्यक्ष परिवर्तनले खुलाए।

यो नाटकबाट उनी अभिनयको क्षेत्रमा समेत पुनः फर्किएका हुन् । 'गन्धर्व नाटकघरमा लामो समयपछि नियमित मञ्चनको रुपमा १२ दुर्वासा मञ्चन सुरु भएको छ, सबैजना नाटकप्रेमीलाई नाटक हेरे प्रतिक्रिया दिन आग्रह गर्छु, यो नाटकबाट म पनि पुनः अभिनयको क्षेत्रमा फर्किएको छु' उनले भने । १ घण्टा ४० मिनेट हाराहारीको यो नाटक प्रचार-प्रसार र व्यस्थापनका लागि बजार प्रबन्धक प्रकाश पराजुली र लेखा हेर्ने शुभेक्क्षा शर्माले काम गरिरहेका छन्। मिलन क्षेष्ठ, रञ्जु दाहाल, विकास अधिकारी, प्रथम श्रेष्ठ, अनिशा खरेल लगायतले व्याक स्टेजमा रहेर साथ दिएका छन् । लामो समयमो अन्तरमा खुला रुपमा सबै दर्शकलाई लक्षित गरेर नाटक मञ्चन गर्न लागेको कारण नाटकप्रेमीबाट सकारात्मक रेसपोन्स पाइरहेको उनीहरुले खुलाए।

नाटक बुधबार बाहेक हरेक दिन साँझ ४:४५ बजे शनिबार र आइतबार अतिरिक्त शो को रुपमा दिउँसो १ बजेसमेत नाटक मञ्चन हुने पोखरा थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङले जनाए।

# सेतीखोला जलविद्युत् आयोजनाको निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
पर्वत, २६ पुस


दक्षिण पर्वतको पैयुँ र विहादी गाउँपालिकामा निर्माण गरिएको सेतीखोला जलविद्युत् आयोजनाको काम सम्पन्न भएको छ।

पैयुँखोला हाइड्रोपावर कम्पनीले निर्माण गरेको तीन दशमलव पाँच मेगावाट क्षमताको सेतीखोला जलविद्युत् आयोजनाको काम हालै सम्पन्न भएको हो । आयोजनाले सोमबारदेखि परीक्षणसमेत थालिसकेको छ। विसं २०७५ देखि निर्माण सुरु भएको आयोजनको काम पाँच वर्षमा सकिएको हो । आयोजनाको मुहान पैयुँ गाउँपालिका वडा नं २ वेउलीवासको छचन्नेमा रहेको छभने विद्युत् गृह विहादी गाउँपालिका-६ शालिग्रामको घाङ्ग्रेमा रहेको छ। छचन्नेदेखि तीन हजार छ सय मिटर लामो पाइपलाइनमार्फत घाङ्ग्रेमा रहेको पावर हाउसमा पानी खसालिएको छ ।  आयोजनाको इलेक्ट्रोमेकानिकल काम चाइनाको एशियन प्यासिफक प्रोजेक्ट कम्पनीले गरेको थियो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलतामन |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



# दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस



दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप-२०८० गण्डकी प्रदेश अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा विहिवार देखि सुरु भएको छ।

"स्वास्थ्यको लागि खेलकुद,राष्ट्रको लागि खेलकुद" भन्ने मुल नाराका साथ माछापुच्छ्रे गाउँपालिकाको आर्थिक सहयोगमा खेलकुद विकास समिति माछापुच्छ्रेको आयोजना साथै ३ न. वडा कार्यालय घाचोकको व्यवस्थापन र भलिबल सघ माछापुच्छेको समन्वयमा माछापुच्छ्रे-३, घाचोक मेधराज मा.विको खेल मैदानमा प्रतियोगिता सुरु भएको हो।

विहिवार भएका खेलमा रुपा गा.पा कास्कीले माछापुच्छे गा.पा रातोलाई , निसिखोला गा.पा बाग्लुङले मोदी गा.पा पर्वतलाई हराएको छ । अन्नपुर्ण गा.पाले प्रतिस्पर्धी क्लब बाग्लुङ न.पा बाग्लुङ र माछापुच्छ्रे गा.पा निलो कास्कीले पुतलिबजार न.पा स्याङजाले वाक ओभर दिएपछि आगामी यात्रा तय गरेका हुन । साथै मल्कोट नगरपालिका वाग्लुङ र शुक्लागण्डकी न.पा तनहुँ विच भएको खेल लाईट पोटेष्टका कारण स्थगित भएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै गण्डकी प्रदेश सामाजिक विकास तथा मन्त्रालय मन्त्री मन्त्री, माननीय श्री सुशिला सिंखडाले खेला मानब जिवनका लागि अत्यावस्यक रहेको बताउदै खेलकुदको विकासले विस्वमा देशको नाम उच्च राख्न सकिने बताउनु भयो । स्थानीय, प्रदश र केन्द्र, ३ नै तहको सरकारले खेललाई प्रथामिकतामा राखेकाले यस्ता प्रतियोतिा आयोजना गरिएको उल्लेख गर्नुभयो । गाउँपालिका अध्यक्ष मिन ब. गुरुङले युवाहरुलाई खेलप्रति आकर्षित गर्न र खेलकुदको माध्यमबाट गाउँपालिकालाई चिनाउने उदेश्यले आयोजित कार्यक्रममा सहभागि टिम साथै उपस्थित सम्पुर्ण दर्शकलाई धन्यवाद दिदै खेलले गलत बाटोमा भौतार िरहेका यूवा जनशक्तिलाई प्रगती र उत्थानको बाटोमा डोयाउन सकिने र सामाजिक रुपान्तरणका लागि खेलकुद भन्दा सजिलो अर्को बाटो छैन भन्नेमा जोड दिनुभयो।

कार्यक्रममा स्थानीय विभिन्न आमासमुह, युवाक्लब साथै सामाजिक संघसंस्थाहरुको सहमागितामा झाकी सहितको ऱ्याली निकालिएको थियो । माछापुच्छे गाउँपालिकाका अध्यक्ष मिन व. गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत वडा न.३ घाचोकका अध्यक्ष हरिशचन्द्र लाम्साले र संचालन माछापुच्छे गाउँपालिका भलिबल संघका सचिव होम प्रसाद गुरुङले गनुभएको थियो।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ३ लाख र दोस्रो हुने टिमले नगद रु २ लाख साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ त्यस्तै सेमिफाइनल प्रबेश गरेका २ टिम लाई जनही रु ५०/५० हजार रुपैयाँका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार साथै विभिन्न विधागत तर्फ स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर र प्रशिक्षकलाई जनही रु ५ हजारका दरले पुरस्कार प्रदान गरिने छ। पौष २८ गते सम्म संचालन हुने प्रतियोगिता सञ्चालनका लागि १२ लाख ८३ हजार लाग्ने आयोजकको अनुमान छ।

# पोखरामा १२ हजारको प्याकेज फेरी ३/४ हजार मै प्याराग्लाइडिङ गर्न पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

पोखराको प्याराग्लाईडिङ व्यवसाय प्रबर्द्धन गर्न केही बर्ष अघि तत्कालिन अबस्थामा ७ हजारको प्याराग्लाईडिङ प्याकेज ३ हजारमा उडान भएको थियो भने हाल १२ हजार पुगेको प्याराग्लाईडिङ प्याकेज ३/४ हजारमै उडान हुन थालेको छ।

खुल्ला प्रतिष्प्रर्धाको आधारमा जसरी नेपाल नागरिक उड्डयन प्राधिकरण(क्यान), नेपाल हवाई खेलकुद संस्था (ना) र व्यवसायीहरु बिच केही समय अघि भएको सहमती अनुसार २५ प्रतिशतसम्म छुटमा प्याराग्लाईंडिङ उडान गर्ने सहमती जनाए पनि प्याराग्लाईडिङ व्यवसाय अपेक्षाकृत प्रबर्द्धन हुन नसकेको भन्दै केही व्यवसायीहरुले ३ हजार देखि प्याराग्लार्यडिङ गर्न थालेका हुन् । पोखराको सहासिक खेल प्याराग्लाइडिङ १५ मिनेट देखि २० मिनेटसम्मको उडान गर्दा १२ हजारको प्याकेज अब ३ हजारमै गर्न थालेसंगै केही व्यवसायीले यसको बिरोध गर्न थालेका छन भने केहीले खुल्ला प्रतिष्प्रर्धामा आफ्नो इच्छा अनुसार मुल्य निर्धारण गर्न पाउनु पर्ने राय राख्दै आउनु भएको छ।

पोखरामा हिजोआज विदेशी भन्दा स्वदेशी पर्यटकहरु बढी भएकाले गर्दा केही प्याराग्लाईडिङ कम्पनीहरुले ह्वात्तै मुल्यमा घटाई न्यूनतम शुल्क १२ हजारको प्याकेज ३ हजारमा उडान गर्न थालेको एक कम्पनीका संचालकले बताउनु भयो। पोखरामा हाल पर्यटकको अफसिजन भएको हुनाले पनि यस खेलमा आकर्षण गर्न केही कम्पनीले बिषेश छुट भन्दै २५ देखि ५० प्रतिशतसम्म छुट प्याकेज आफ्नो सामाजिक संजाल मार्फत हालेको पाइन्छ । पोखरामा १२ हजारको प्याकेज ह्वात्तै घटायर ३ हजारमा गर्नुले यसमा सुरक्षामा चुनौती हुन सक्ने नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष सुनिल भट्टराईले बताउनु भयो । यस अघि प्याराग्लाइडिङ गर्दा प्रति व्यक्तिको १२ हजारसम्म शुल्क लाग्ने गरेको थियो भने अब ३ हजारमा उडान गर्दा त्यसबाट पाइलट सहितका अन्य क्षेत्रमा यसबाट प्रभाव पर्न सक्ने उहाँको भनाई छ। फष्टकम फष्ट सर्भिसका आधारमा अब पाइलटहरुले एकै दिनमा जति पनि उडान गर्न पाइने प्राबधानले गर्दा सुरक्षामा अर्को चुनौती हुन सक्ने नाले जनाएको छ। मंसिर २९ देखि पुष १५ सम्म करिब दुई साता बन्द भएको प्याराग्लाइडिङ संचालनमा आएसंगै प्याराग्लाइडिङ कम्पनीहरुले बिषेश छुट उपलब्ध हुने घोषणा गरेका थिए। पोखरामा अन्तराष्ट्रिय विमानस्थल संचालनमा आएसंगै अघिल्लो बर्ष २०७९ पुष १७ गते देखि पोखरा १८ को सराङकोट तथा तोरीपानीबाट स्थान्तरण भई पोखरा २४ को मान्द्रेढुंगामा सरेको थियो । केही महिना अघि देखि सराङकोटको तोरीपानी बहाकोटबाट पुनः प्याराग्लाइडिङ सुरु भएको प्याराग्लाइडिङ पाइलट शर्मिला शर्माले बताउनु भयो। मान्द्रेढुंगा सहित तोरीपानीबाट समेत प्याराग्लाइडिङ गर्न पाउदा अब यसको प्रबर्द्धन हुने उहाँको बुझाई छ।

# पोखरामा टाइगर कप भलिबलको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ पुस

गण्डकी प्रदेशको राजधानी सहर पोखरामा आगामी माघ १ देखि ६ गतेसम्म चौथो संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लबस्तरीय महिला तथा पुरुष भलिबल' प्रतियोगिता हुने भएको छ।

खेलकुद विकासमा क्रियाशील टाइगर ग्रुप अफ पोखराको आयोजनामा पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा सञ्चालन हुने प्रतियोगिताको तयारी सुरु भएको आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । देशका लागि आवश्यक राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका खेलाडी उत्पादनसहित पोखरालाई खेलकुद सहरमा विकास गर्न प्रतियोगिता गरिने आयोजकको भनाइ छ।

प्रतियोगितामा पुरुष तथा महिलाका छ/छ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने निश्चित भएको आयोजक संस्थाका अध्यक्ष नारायण शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगिता खेल्न पहिलो पटक भारतको हरियाणा राज्यको महिला पुलिस क्लब पोखरा आउने छ । महिलातर्फ चन्द्रागिरी नगरपालिका, न्यू डायमण्ड स्पोर्टस क्लब, आयोजक गण्डकी प्रदेश तथा तीन विभागीय टोली नेपाल पुलिस, नेपाल आर्मी र सशस्त्र प्रहरीको एपिएफ क्लबले सहभागिता जनाउने अध्यक्ष शर्माले जानकारी दिनुभयो। पुरुषतर्फ श्रीलङ्काको आर्मी टोलीले पहिलो पटक सहभागिता जनाउने भएको छ। पुरुषतर्फ तीन विभागीय टोली नेपाली सेनाको त्रिभुवन क्लब, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लब, हेल्प नेपाल स्पोर्टस क्लब तथा आयोजक टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । अध्यक्ष शर्माले यसवर्ष पुरस्कार राशीमा वृद्धि गरिएको जानकारी दिनुभयो। विजेता महिला तथा पुरुष टोलीलाई रु पाँच लाख ५५ हजार पाँच सय ५५ सहित ट्रफी, मेडल साथमा प्रमाणपत्र प्रदान गरिने छ।

# बागलुङमा आधारभूत अस्पताल निर्माण : अझै जग्गाको खोजी

**डम्मर बुढा मगर**
बागलुङ, २६ पुस /रासस

सङ्घीय सरकारले आर्थिक वर्ष २०७७/०७८ मा बागलुङका आठ पालिकालाई आधारभूत अस्पताल निर्माणका लागि छनोट गरेको थियो।

जिल्लामा १० पालिका रहे पनि काठेखोला गाउँपालिका र जैमिनी नगरपालिकाबाहेक अन्य स्थानीय तह अस्पताल निर्माणका लागि छनोट भए। अहिले केही पालिकाले स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी पालिकास्तरीय आधारभूत अस्पतालको सेवा प्रवाह गरिरहेका छन् भने कही पालिकामा अस्पताल निर्माणाधीन छन् । कतिपय पालिकाले अहिलेसम्म कहाँ अस्पताल बनाउने भन्ने टुङ्गोसमेत लगाउन सकेका छैनन्। हाल जिल्लाको गलकोट नगरपालिका र तमाखोला गाउँपालिकाले सेवा सुरु गरि रहेका छन् । गलकोटले हरिचौर स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी नगर अस्पतालबाट हुने सेवा प्रवाह गरेको छ भने तमानखोलाले बोङ्गादोभान स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी सेवा सुरु गरेको हो। गलकोटले गत वर्ष पुस १७ गतेदेखि १५ शय्याको नगर अस्पताल सुरु गरेको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो । नगर अस्पताल निर्माणका लागि सङ्घीय सरकारले रु १८ करोड विनियोजन गरेको उहाँको भनाइ छ । उहाँले भवन निर्माणका लागि हाल सञ्चालन रहेको अस्पताल छेउमा जग्गा व्यवस्थापन भइरहेको जानकारी दिनुभयो।

हाल अस्पतालमा एक विशेषज्ञ चिकित्सक, एक मेडिकल अधिकृत, छ जना नर्सिङ, हेल्थ असिस्टेन्ट दुई, नर्स तीन, अहेव तीन, अनमी तीन, रेडियोक्राफर एक, डेल्टलहाइजेनिस्ट एक, ल्याब टेक्निसिएन एक, ल्याब असिस्टेन्ट एक, कार्यालय सहयोगी पाँच र एक जना एम्बुलेन्स चालक रहेको उहाँको भनाइ छ। अस्पताललाई थप व्यवस्थापन गर्नका लागि थप भवन आवश्यक रहेको प्रवक्ता भण्डारीले बताउनुभयो । जग्गा खरिदका लागि अहिले आर्थिक सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो । प्रवक्ता भण्डारीले भन्नुभयो, "पोहोर साल कार्यपालिकाले निर्णय गरेर नगर अस्पताल सञ्चालन गरेका छौँ, एक जना विशेषज्ञ डाक्टर पनि हुनुहुन्छ, मेडिकल अधिकृत पनि हुनुहुन्छ, अहिले यहाँको स्वास्थ्य सेवामा ठूलो परिवर्तन आएको छ, स्वास्थ्यचौकीको भवनबाट सेवा दिइ राखेका छौँ, अब छिट्ट जग्गा व्यवस्थापन हुनेछ, जग्गा व्यवस्थापन भयो भने नयाँ भवन बनाउने प्रक्रिया अगाडि बढाउँछौँ, नगर यहाँ सेवा सुरु भएदेखि पोखरा, काठमाडौँ र बागलुङ जान परेको छैन ।" तमानखोलाले पनि बोङ्गादोभान स्वास्थ्यचौकीबाट आधार भूत अस्पतालको सेवा सुरु गरेको छ। यस पालिकामा पाँच शय्याको आधारभूत अस्पताल बन्ने छ । जसका लागि सङ्घीय सरकारले रु ११ करोड विनियोजन गरेको छ । गाउँपालिकाले यही पुस ३ गतेदेखि आधारभूत अस्पालको सेवा सुरु गरेको स्वास्थ्य शाखा संयोजक तिलक छन्त्यालले बताउनुभयो । गाउँपालिकाले एक जना मेडिकल अधिकृत, एक जना स्वास्थ्य सहायक, दुई जना अहेव, तीन जना अनमी, एक जना ल्याब असिस्टेन्टको व्यवस्थापन गरी सेवा प्रवाह गरेको उहाँको भनाइ छ।

"स्वास्थ्य मन्त्रालयले पठाएको नमूना दरबन्दीअनुसार जनशक्ति नहुँदा गाउँपालिकाले एक जना मेडिकल अधिकृतसहित एक जना अनमी र एक जना कार्यालय सहयोगी थप गरी स्वास्थ्यचौकीमा मौजुदा रहेका कर्मचारीबाट आधार भूत अस्पताल तहको सेवा प्रवाह गर्न थालेका छौँ", संयोजक छन्त्यालले भन्नुभयो, "अस्पताल बनाउनका लागि जग्गा प्राप्त भएको छ, तर विभिन्न प्रक्रिया नपुग्दा निर्माण हुन सकेको छैन, अब केही समयमै भवन बनाउने छौँ।" बागलुङ नगरपालिकाले वडा नम्बर १३ स्थित पैयुँपाटा स्वास्थ्यचौकीबाट नगर अस्पतालको सेवा प्रवाह गर्दै आएको छ। पन्ध्र शय्याको अस्पताल निर्माणको अन्तिम चरणमा रहेको भन्दै दुई वर्ष अगाडिदेखि यहाँ नगरपालिकास्तरीय अस्पतालको स्वास्थ्य सेवा दिइएको नगर स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिनुभयो । अस्पताल निर्माणका लागि सङ्घीय सरकारले रु १८ करोड विनियोजन गरेको उहाँको भनाइ छ । अस्पतालमा एक जना एमबिजिपी, तीन जना मेडिकल अधिकृत, चार जना स्वास्थ्य सहायकलगायतका जनशक्ति रहने प्रावधान रहे पनि अहिले कार्यरत एक जना मेडिकल अधिकृत, एक जना जनस्वास्थ्य निरीक्षक, एक जना स्वास्थ्य सहायक, एक जना स्टाफ नर्स, एक जना सिनियर अनमी, अनमी र एक जना ल्याब असिस्टेन्ट कार्यरत रहेको खनालले बताउनुभयो।

ढोरपाटन -९ पाखाथर उपत्यकामा १५ शय्याको अस्पताल बन्न थालेको १५ महिना भए पनि यस अवधिमा ४० प्रतिशत काम भएको छ। समयमै भुक्तानी नहुँदा हाल काम रोकिएको छ। विसं २०८२ असार २३ सम्ममा सकी सक्नुपर्ने अस्पतालको भवन करिब आधा सकिँदा पनि कामअनुसारको भुक्तानी नभएको निर्माण कम्पनी एसी कन्ट्रक्सनका प्रमुख दीपक अदैले बताउनुभयो। अस्पातलको भवन निर्माणका लागि रु १२ करोड ९६ लाखमा जिम्मा उहाँको भनाइ छ। काम गर्नुभन्दा पहिले सुरुमा पेश्की रकम रु दुई करोड ४६ लाख मात्रै आएको उहाँले बताउनुभयो। तीन महिना अगाडि रु छ करोड ६१ लाखको बिल नगरपालिकामा पठाए पनि हालसम्म भुक्तानी नभएको अदैको भनाइ छ।

निसीखोला गाउँपालिका-४ झिम्पामा दुई वर्ष अगाडि सुरु भएको १० शय्याको पालिकास्तरीय आधारभूत अस्पतालको काम हालसम्म ८५ प्रतिशत काम सकिएको छ। यही पुस महिनामा सम्पन्न गर्ने गरी निर्माण भए पनि बजेट अभावका कारण काम हुन सकेको छैन । गाउँपालिकाले रु १० करोड ९४ लाखको 'स्टिमेट' गरेकोमा हिन्दुङ एसी आइएस जेबी कन्ट्रक्सनले रु आठ करोड २४ लाखमा निर्माण गर्ने गरी जिम्मा लिएर काम गरेको गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले बताउनुभयो । सङ्घीय सरकारले बजेट पठाए काम सुरु हुने जनाइएको छ। बडिगाड गाउँपालिका-५ को रिखेटारीमा १५ शय्याको अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले जानकारी दिनुभयो । केन्द्र सरकारले विनियोजन गरेको रु २४ करोड विनियोजन गरेको बजेटले काम भएको उहाँको भनाइ छ । अस्पतालको काम ९० प्रतिशत सकिएको भण्डारी बताउनुहुन्छ । हाल सात वटा स्वास्थ्यचौकी र चार वटा आधार भूत स्वास्थ्य केन्द्रबाट बडिगाडका नागरिकले स्वास्थ्य सेवा लिएको उहाँ बताउनुहुन्छ । जिल्लाको ताराखोला गाउँपालिकामा तीन वर्ष अगाडिनै पालिकास्तरीय पाँच शय्याको अस्पताल निर्माण गर्ने भनिए पनि अहिलेसम्म जग्गा व्यवस्थापन हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले जानकारी दिनुभयो। जग्गा व्यवस्थापनको प्रक्रियामा रहेको जनाउँदै मापदण्डअनुसारको पाइए कामलाई अगाडि बढाउने उहाँको भनाइ छ । दक्षिण बागलुङको बरेङ गाउँपालिकामा १० शय्याको आधारभूत अस्पताल निर्माणका लागि जग्गा निःशुल्क प्राप्त गरेको तर मापदण्डअनुसार नभएपछि भवन निर्माणको काम रोकिएको प्रमुख प्रशासकीय अधिकृत जीतबहादुर रानाले बताउनुभयो । जग्गालाई स्वीकृत गर्नका लागि मन्त्रालयमा पठाइएको उहाँको भनाइ छ। ढोरपाटन नगरपालिका-९ का मिनबहादुर विकले अहिलेसम्म ढोरपाटन उपत्यका क्षेत्रमा अस्पताल नबन्दा यहाँका नागरिकले पर्यटकले समस्या खेप्नुपरेको बताउनुभयो । ढोरपाटन निकै चिसो क्षेत्र रहेको भन्दै बाहिरबाट आउने पर्यटक बिरामी पर्दा नजिकमा उपचार गर्न नपाएको उहाँको भनाइ छ। पोहोर सालदेखि अस्पताल निर्माण हुन थाले पनि अहिलेसम्म सम्पन्न हुन नसकेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "नगर अस्पताल भनेर बनाउन लागेको धेरै भयो, अहिले बल्ल एक तला भएको छ, कहिले सम्पन्न हुने हो ?, कहिले यहाँ डाक्टर आएर जनताको उपचार गर्ने हुन् ?, मान्छेहरु बिरामी परे भने घण्टौँ लगाएर बुर्तिबाङ जानुपर्छ, घुम्न आएका पर्यटक पनि बिरामी हुन्छन्, नजिकमा उपचार गर्ने ठाउँ नहुँदा छिट्टै फर्किने गरेका छन्, दुई/चार दिन बस्ने पर्यटक एकै दिनमा फर्किंदा यहाँको व्यापार व्यवसाय राम्रोसँग हुन पाउँदैन, सरकारले छिटो अस्पताल बनाएर डाक्टर पठाइदिए धेरै सजिलो हुने थियो, बुर्तिबाङ पुग्नुपर्ने थिएन।"


**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation (SQ)**

**First date of Publication: 12th January 2024**

1. Phedikhola Rural Municipality invites only electronic sealed quotation (SQ) for Bhalupahad integrated tourism and physical infrastructures construction Project at Phedikhola-03, Syangja under contract ID: 27-PRM-W-NCB-INF-080-81-7. The estimated cost of the work is NRs. 1,957,468.45 (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders.
2. Cost of SQ document NRs. 1000.00. Information to deposit the cost of SQ document in Bank: Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06501000000030800180; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic SQ/bid submission deadline: before 12:00 hrs on 28-January-2024, Electronic SQ/bid opening date and time: 12:00 hrs on 28-January-2024.
4. Bid security amount NRs. 50,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. 06501000000003600179 at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail notice, information by inspecting the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja or from website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.